## वराहपोखरी गाउँपालिका, खोटाङको ११ औँ गाउँसभामा गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूद्वारा प्रस्तुत

### आर्थिक वर्ष २०७९।०८० को

# वार्षिक नीति तथा कार्यक्रम

**मिति:** २०७९ साल आषाढ १० गते शुक्रबार

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
प्रदेश नं.१, नेपाल

**श्री गाउँपालिका उपाध्यक्ष ज्यू,**

**श्री गाउँसभाका सचिव ज्यू,**

**श्री गाउँसभाका सदस्य ज्यूहरु,**

**श्री राष्ट्र सेवक सम्पूर्ण कर्मचारीहरु,**

**श्री पत्रकार मित्रहरु,**

१. आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित ११ औँ गाउँसभाको बैठकमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै नेपालको संविधान जारी भएपछि दोश्रो पटक जनताको घरदैलोमा सेवा प्रदान गर्ने स्थानीय तहको निर्वाचनमा हामीलाई आफ्नो अमुल्य मत दिएर स्थानीय सरकारको नेतृत्व गर्ने अवसर प्रदान गर्नुहुने वराहपोखरी गाउँपालिकाबासी सम्पूर्ण आमा बुबा दाजुभाइ दिदिबिहिनिहरुमा सर्वप्रथम हार्दिक आभार व्यक्त गर्दै सम्पूर्ण नव निर्वाचित पदाधिकारीहरुका तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहान्छु ।

२. यो गरिमामय सभामा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै ति आन्दोलनहरुमा नेतृत्व गर्नुहुने अग्रज तथा साथ र सहयोग गरी योगदान दिनुहुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु ।

३. विगत दुई वर्षको अवधिमा कोभिड-१९ भयावह महामारीबाट १२ हजार भन्दा बढी नेपालीले आफ्नो अमुल्य जीवन गुमाउनु भएको छ । वहाँहरु सबैमा हार्दिक श्रद्धाञ्जली साथै वहाँहरुको परिवार आफन्तजनहरुप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

४. नेपालको संविधान जारी भए पश्चात स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित गाउँपालिका प्रमुखको हैसियतले वराहपोखरी गाउँपालिकाको आ व २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मलाई गौरबको महसुस भएको छ ।

५. नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्न पाउने व्यवस्था गरी मुलुकले युगान्तकारी राजनैतिक उपलब्धी हासिल गरेको छ । "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने गाउँपालिकाको लक्ष्य हाँसिल गर्ने मार्गमा दत्तचित्त भई सो को लागी वराहपोखरी गाउँ कार्यपालिका प्रतिबद्ध छ ।

६. सीमित श्रोत साधनका बाबजुद पनि वराहपोखरी गाउँपालिकालाई समृद्धि प्राप्त गर्ने यात्रामा अगाडी बढाउन सकिन्छ भन्ने विश्वास र उत्साहका साथ आगामी आ व को यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको व्यहोरा स्मरण गराउँदै सर्वप्रथम हामीले दोश्रो निर्वाचनबाट निर्वाचित भएर पदभार ग्रहण गरिरहँदाको अवस्थामा गाउँपालिकाको सामाजिक, आर्थिक तथा भौतिक अवस्थाका सन्दर्भमा केही संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

७. अब म गत वर्ष चालू आ व २०७८।०७९ को अघिल्लो सभाले पारित गरेको बजेट तथा समय समयमा थप भएको सशर्त अनुदानहरु सहित कूल बजेट रु ३८ करोड ४१ लाख ३१ हजार १ सय १० रहेकोमा हालसम्म रु ३४ करोड

१६ लाख २० हजार १५ रुपैया ४५ पैसा यस गाउँपालिकाको संचित कोष खातामा आम्दानी भई हालसम्म २३ करोड २ लाख ७५ हजार ७ सय ११ रुपैया ४६ पैसा खर्च भएको छ ।

८. अब म विषयगत क्षेत्रको समिक्षा गर्न चाहान्छु ।

**आर्थिक क्षेत्र**

☞ **कृषि :** कृषि सम्बन्धी निम्न कार्यहरु भएको

- सुख्खाग्रस्त क्षेत्रमा सिंचाई विस्तार भईरहेको ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत गाउँपालिका अन्तर्गतका सबै वडामा पकेट कार्यक्रम संचालनमा ल्याईएको ।
- माछा पालन, बाख्रा पालन, कुखुरा पालन र तरकारी खेती प्रबर्धनको लागी कृषकहरुलाई अनुदान दिने कार्य भईरहेको ।
- मौरी प्रबर्धन कार्यक्रम, धान खेती प्रबर्धन, सुन्तल प्रबर्धन तथा तरकारी प्रबर्धन कार्यक्रम सञ्चालन भईरहेको ।

☞ **उद्योग तथा वाणिज्य:**

- ढाका बुनाई, बाँसबाट निर्मित सामान, साबुन, अगरबत्ती, गुडिया र थुक्पा जस्ता सामान उत्पादन गर्ने सीप सिकाई जस्ता प्रशिक्षण कार्यक्रम संचालन भई आत्मानिर्भर तथा स्वावलम्वन हुन सक्ने जनशक्ति उत्पादन भएको ।
- बजारीकरणका लागि उद्योग र व्यापार दर्ता एवं व्यवस्थापन गर्ने कार्यको थालनी गरेको ।
- गाउँपालिका क्षेत्रभित्र एकमात्र सनराईज बैंक मार्फत स्थानीयबासीहरुलाई ऋण प्रवाह र सरकारी कारोबार सञ्चालन गर्न सहज भएको ।
- वराहपोखरी गाउँपालिका क्षेत्रलाई दीगो रुपमा बजारिकरणलाई अझ सशक्त बनाई आन्तरिक राजश्व वृद्धि गर्न पहल गरिनेछ ।

☞ **पर्यटन :**

- नेपाल सरकारले आ व २०७५।०७६ मा पर्यटकीय गन्तव्यस्थलको रुपमा घोषणा गरेका १०० औँ गन्तव्य स्थलमध्ये परेको वराहपोखरी ताल क्षेत्रलाई विकास गर्न वराहपोखरी तालको वरिपरि अधुरै रहेको पैदलमार्ग निर्माण तथा राई किरातहरुको संस्कृती झल्काउने विजुवा विजुईनीको मन्दिर निर्माण कार्य सम्पन्न हुने ।
- सुनापाताल डाँडासम्म जाने बाटो निर्माणको काम प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत भईरहेको ।

☞ **सहकारी :**

- न्यून रहेको सहकारी संस्थाहरु दर्ता एवं गतिविधिलाई कृयाशिल बनाईनेछ ।

**सामाजिक क्षेत्र**

☞ **शिक्षा :**

- विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT ल्याव, ई-लाइब्रेरी र शौचालयको व्यवस्थापन गरिएको ।
- गाउँपालिकास्तरीय शिक्षा समिति गठन भई कृयाशिल रहेको ।

- गाउँपालिका अन्तर्गतका माध्यमिक तथा आधारभुत तहहरुमा कम्प्युटर अनुदान शिक्षक सेवा व्यवस्थापन गरी सूचना तथा प्रविधि शिक्षामा जोड दिएको ।
- न्युन पारिश्रमिकमा कार्यरत बालबिकास शिक्षिका, विद्यालय कर्मचारीहरुलाई पालिकाको सिमित श्रोत साधनका बाबजुत थप सेवा सुविधा उपलब्ध गराईएको ।
- न्युन दरबन्दी भएका तथा दरबन्दी नभएका विद्यालयहरुमा अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराईएको ।

☞ **संस्कृति प्रबर्द्धन :**

- स्थानीय भाषा, संस्कृति, पर्व आदि झल्काउने र प्रवर्द्धन गर्ने सहयोग पुर्याउने कार्यक्रम औपचारिक रुपमा सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

☞ **स्वास्थ्य :**

- आधुनिक सेवा सुविधायुक्त अस्पताल र स्वास्थ्य परीक्षण गर्ने ल्याव स्थापना गरी कोभिड -१९ का संभावित आशंकामा रहेका व्यक्तिहरुको एन्टीजेन्ट  परीक्षण गरिएको ।
- वडा नं १,२,३,४ मा वर्थिङ सेन्टर निर्माण भई सञ्चालनमा रहेको ।
- कोभिड-१९ विरुद्धको खोप प्रभावकारी रुपमा सञ्चालन गरिएको ।
- गाउँपालिकाले एम्बुलेन्स खरिद गरि सञ्चालनमा ल्याएको ।
- सबै वडाहरुमा पूर्ण खोप सुनिश्चित गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिएको ।

☞ **समावेशीकरण**

- दलित/जनजाती सम्बन्धी कार्यक्रम संचालन गरिएको ।
- लैंगिक समानता र समता कायम गर्ने प्रयास भई रहेको ।
- सामाजिक समावेशीकरणलाई प्राथमिकता दिईएको ।

☞ **खानेपानी :**

- मुहान संरक्षण कार्यलाई तिव्रता दिईएको ।
- साना सिंचाईको कार्यक्रम संचालन भई रहेको ।
- वातावरीण प्रभाव मूल्याङ्कन नगरी जथाभावी सडक निर्माण गर्दा खानेपानीको मुहान सुक्ने क्रम बढेकोले यसलाई व्यवस्थित गरिनेछ ।

☞ **युवा तथा खेलकुद कार्यक्रम**

- शुक्रस्मृति कप खेलकुद कार्यक्रम सम्पन्न भएको ।

## पूर्वाधार विकास

☞ **सडक/बाटो :**

- गाउँपालिका केन्द्रसँग छ वटै वडा केन्द्रहरु जोडिएको ।

- सडकको स्तरोन्नति कार्यमा तिव्रता आएको ।
- प्रदेश समपूरक अनुदान कार्यक्रम अन्तर्गत धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक स्तरोन्नतीको कार्य भईरहेको ।
- संचार :
- कोभिड १९ सम्बन्धी अनलाईन सेवा C-MIS प्रणाली नियमित रुपमा अध्यावधिक भई सञ्चालनमा आईरहेको ।
- गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयमा इन्टर्नेट जडान कार्य तथा Free-WIFI व्यवस्थापनको कार्य सम्पन्न भएको ।
- अडियो नोटिस बोर्ड सञ्चालनमा आईरहेको ।
- सामुहिक SMS (Group SMS) प्रणाली सञ्चालनमा आईरहेको ।
- गाउँपालिकाको वेवसाइट तथा मोवाईल एप्लिकेशन नियमित रुपमा अध्यावधित भई सञ्चालनमा आईरहेको ।
- गाउँपालिकामा सि सि क्यामेरा सञ्चालनमा आईरहेको ।

☞ **विद्युत :**

- चालु आ.व. को असार मसान्तसम्ममा गाउँपालिका अन्तर्गतका सबै वडाका वडा कार्यालयसम्म विधुत सेवा संचालनमा ल्याउने लक्ष्य रहेको ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- गाउँपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणलाई प्राथमिकता दिईएको ।
- प्राकृतिक विपद्को कारण नागरिकलाई परेको असरलाई न्यूनिकरण गर्नका लागि राहत वितरण कार्यक्रम निरन्तर रुपमा भईरहेको ।

**सुशासन, संस्थागत विकास र सेवा प्रवाह**

- निर्माण भएका कानूनलाई राजपत्रमा प्रकाशन गरिएको ।
- विद्युतीय शासनलाई नियमित रुपमा व्यवस्थापन गरिएको ।
- आर्थिक कारोबार SUTRA प्रणालीबाट सञ्चालन भईरहेको ।
- योजनाको काम अनलाईन प्रणालीबाट सञ्चालन भईरहेको ।
- कर्मचारीहरुको विवरण अनलाईन प्रणालीमार्फत अध्यावधिक भईरहेको ।
- कोभिड १९ को कोभिड सम्बन्धी रिपोर्टहरु C-MIS अनलाईन प्रणालीबाट नियमित अध्यावधिक भईरहेको,
- गाउँ कार्यपालिकाको प्रशासनिक भवनको निर्माण कार्य ठेक्का प्रकृयाबाट सुरु गरिएको ।
- वडा नं १,२, ३ र ५ मा RCC वडा कार्यालय भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

९. यस वराहपोखरी गाउँपालिकाको आगामी आ व २०७९।०८० को लागि क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## पूर्वाधार सम्बन्धि नीति

☞ **सडक सम्बन्धी नीति:**

- दिगो विकासको लक्ष्यको स्थानियकरण, १५ औं राष्ट्रिय योजना, संघीय सरकारको वार्षिक कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गरिंदै जलवायु परिवर्तनलाई न्यूनिकरण गरिने गरी सडक निर्माण गरिनेछ
- सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गर्दै गाउँपालिका क्षेत्रभित्र गौरवको योजना सञ्चालन गरी गरिवी न्यूनिकरणको विकास गर्ने लक्ष्य लिईएको छ ।
- आवधिक गाउँपालिका विकास योजना, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना शिघ्र तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।
- पूर्वाधार विकासका लागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयमा जोड दिईनेछ ।
- विकास व्यवस्थापनको दृष्टिले पछाडि परेका क्षेत्रहरुको सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- धाप्लाङमा निर्माणधिन पक्की पुलको कार्य निरन्तरता नभएकाले सिघ्र कार्य अगाडी बढाईदिन सम्बन्धित निकायमा पहल गर्ने कामलाई निरन्तरताका लागि थप सशक्त दवाव सिर्जना गरिनेछ ।
- वंशिलाघाटमा पक्की पुल तथा वंशिघाट-ताम्बुवा सडकलाई पहिलो प्राथमिकतामा राखी सम्बन्धित निकायमा पहल गरिनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडकको स्तरन्नोति गरिने छ ।
- गाउँपालिकास्तरीय अन्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) बनाई स्तरन्नोति गर्नलाई पहल गरिनेछ ।
- निर्माणधीन गाउँपालिकास्तरीय र वडास्तरीय सडकहरुको समुचित मर्मत संभारको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका क्षेत्रमा निर्माण भएका बाटोहरु कच्ची भएकोले बारम्बार मर्मत एवं सम्भार गर्नुपर्ने अवस्था सिर्जना भएकोले मर्मत सम्भारमा छिटो छरितो तरिकाले कार्य गर्न गाउँपालिकाले JCB मेशिनको व्यवस्था गरेको छ । सो जे.सी.वी. मार्फत अत्यावश्यक सडक मर्मत कार्यहरु भईरहेकै छन् ।

☞ **भवन सम्बन्धी नीति:**

- गाउँपालिकाको प्रशासनीक RCC भवन निर्माण कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।
- वडा नं ६ मौवाबोटे वडा कार्यालय भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य चौकी भवन नभएका वडाहरुमा स्वास्थ्य चौकी निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन(DPR) गरी संघिय सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकास्तरीय सामुदायिक ट्रस्ट भवन निर्माण गर्न पहल गरिनेछ ।
- शंखेश्वरी मन्दिर क्षेत्रमा बजारीकरणका लागि ट्रस्ट भवन निर्माणको थालनी गरिनेछ ।
- वडा नं ४ को वडा भवनको DPR गरि RCC भवन निर्माणको लागि पहल गरिनेछ ।

☞ **उर्जा सम्बन्धी नीति:** यस वराहपोखरी गाउँपालिकालाई विद्युतमैत्री बनाउन तपसिल बमोजिमका नितिहरु अवलम्बन गरिनेछ :

- यस गाउँपालिकाका विद्युत विस्तार हुन बाँकी सबै वडाहरुमा विद्युत विस्तारको कार्य गरिनेछ ।
- विद्युत विस्तारको लागी विद्युत प्राधिकरण, प्रदेश सरकार र संघीय सरकारसँग सहयोगको लागी आवश्यक पहल गरिनेछ ।
- विजुली बत्ती नपुगेको क्षेत्रमा वैकल्पिक उर्जा शौर्य शक्तिको प्रयोगबाट उज्यालो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाका सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्न आवश्यक पहल गरिनेछ ।

☞ **संचार सम्बन्धी नीति:**

- यस गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुमा नियमित ईन्टरनेट सेवा प्रवाह गर्नका लागी अप्टिकल फाईवर प्रणालीबाट सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिका क्षेत्रमा स्थानीय पत्रिका प्रकाशन र छापाखानाको व्यवस्था नभएकोले त्यस्ता कार्य गर्न ईच्छुक व्यक्ति तथा समुहलाई आवश्यक सहयोग र प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- यस गाउँपालिका क्षेत्रलाई सूचना तथा सञ्चार प्रविधिको विकासमा अझ सुधार गर्दै प्रविधिमैत्री गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।
- गाउँपालिकामा पत्रकारिताको संस्थागत विकास गर्न पत्रकारिता सम्बन्धी तालिम सञ्चालनको व्यवस्था मिलाईनेछ ।
- पालो व्यवस्थापन प्रणालीको कार्यान्वयलाई अझै प्रभावकारीता बनाउन अनिवार्य प्रयोगमा जोड दिईनेछ ।

☞ **वन, वातावरण तथा विपद् व्यवस्थापन**

- गाउँपालिकालाई वातावरणमैत्री हरित गाउँपालिकाको रुपमा विकास गर्न वृक्षरोपण तथा वन बुट्यानको संरक्षण गरि हरितगृह प्रभावलाई न्यूनिकरण गर्ने नीति लिईनेछ ।
- विपद्को अवस्थामा खोज तथा उद्दारका लागि विपद् व्यवस्थापनमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरि स्वयम् सेवक र उद्दार राहत सामाग्रीहरुको भण्डारण र पूर्व तयारीको व्यवस्था मिलाईनेछ ।
- भूकम्प लगायतका अन्य प्रकोपजस्ता प्रकृति विपतीको अवस्थाका लागि "एक टोल एक खुल्ला क्षेत्र" को अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरि खुल्ला क्षेत्र तोकिनेछ । र त्यस्तो क्षेत्रमा कुनैपनि किसिमको निर्माण कार्य गर्न रोक लगाईनेछ ।
- सार्वजनिक सडक, नाली तथा खुल्ला स्थानहरुमा फोहोर फ्याल्नेलाई कानून अनुसार कारबाहीको दायरामा ल्याईनेछ ।
- फोहोर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजि साझेदारीको अवधारणा अनुसार फोहोर व्यवस्थापनको नीतिलाई अगाडि बढाईनेछ ।
- बजार तथा पर्यटक आवागमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिकता दिईनेछ ।
- गाउँपालिकामा ठूला आयोजना सञ्चालन गर्दा अनिवार्य वातावरण प्रभाव मूल्यांकन अध्ययन गरिने व्यवस्था मिलाईनेछ ।
- घर पालुवा जनावर तथा पशुपंक्षिलाई जथाभावी सडकमा छाड्न रोक लगाईनेछ ।

- वातावरण मन्त्रालयबाट स्वीकृत मापदण्ड प्रतिकुल हुने गरि प्लाष्टिकको झोलामा प्रयोग नल्याउन जनचेतना जगाउने तथा प्लाष्टिकमूक्त क्षेत्र बनाउने नीति लिईनेछ ।
- वरापोखरी गाउँपालिकालाई ग्रीन एण्ड क्लीन गाउँपालिकाको रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदि, सडकका किनारमा वृक्षरोपण गरि वातावरण प्रदुषणमुक्त पालिका बनाउने नीति लिईनेछ ।
- सार्वजनिक पर्ती जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागिता गराई उत्तरदायी बनाईनेछ ।
- वातावारणमैत्री स्थानीय शासनको अवधारणाका सूचकलाई कार्यान्वयन गर्दै गाउँपालिकालाई वातावरणमैत्री पालिका बनाउने नीति लिईनेछ ।
- वन तथा वातावरण संरक्षणको कार्य गर्दा वन डिभिजन कार्यालय, सामुदायिक वन तथा सामुदायिक वन उपभोक्ता महासंघ मार्फत सञ्चालन गरिनेछ ।
- आ व २०७९।०८० मा गाउँपालिका स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न पहल गरिनेछ ।

**आर्थिक विकास सम्बन्धि नीति**

☞ **कृषि तथा पशु सेवा सम्बन्धि नीति**

- कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तरगत कृषक दर्ता कार्यक्रम र कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मकैको व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिने छ ।
- तरकारी पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकहरुलाई अनुदानमा भन्दा आत्मनिर्भर बन्ने तर्फ उत्प्रेरित गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र कृत्रिम गर्भधारण मिसन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि सम्बन्धी स्थानीय आवश्यकतानुसार खाद्यान्न आत्मनिर्भरता, आयात प्रतिस्थापना, निर्यात प्रबर्धन, पूर्वाधार तथा बजार विकास कार्यक्रम, आधारभूत प्रयोगशाला/परीक्षण/शिविर सञ्चालन, कृषि प्रसार सेवा टेवा कार्यक्रम आदी सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एग्रोभेट फर्म स्थापना गरी सञ्चालन गर्नेलाई आवश्यक प्रोत्साहन गरिनेछ ।
- कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रम प्रभावित हुन नदिन यस सम्बन्धी प्राविधिक कर्मचारीलाई आवश्यक तालिको व्यवस्था गरिनेछ ।
- एक नेपाली एक फलफूलको विरुवा रोप्ने कार्यक्रमलाई प्रभावकारी बनाउन यसको प्रचार प्रसार गरिनेछ ।
- पशु सम्बन्धी नश्ल सुधार कार्यक्रम र आवश्यक पर्ने औषधी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी प्राविधिक परामर्श उपलब्ध गराईनेछ ।
- माटोको उर्वराशक्ति बढाउन स्थानीयस्तरमा हरियोमल, प्राङ्गरिक मल उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- निर्वाहमूखी कृषि प्रणालिलाई व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायीक कृषि प्रणालिमा रुपान्तरण गर्न जोड दिईनेछ ।
- कृषि क्षेत्रको विकासको लागि छुट्टै क्षेत्रगत योजना निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

☞ **उद्योग/वाणिज्य/आन्तरीक राजश्व प्रबर्धन सम्बन्धि नीति**

- उद्योगधन्दालाई करमा आबद्ध गराउन PAN र VAT मा दर्ताको लागी करदाता सेवा कार्यालयसँग समन्वय गरी घुम्ती शिविर सञ्चालन गरिनेछ।
- उद्योगधन्दा दर्ताको लागी घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको राजश्व संकलनलाई प्रभावकारी वनाउन राजश्व सम्बन्धी सफ्टवयरको व्यवस्था गरि आगामी आर्थिक वर्षबाट प्रभावकारी रुपमा कार्यान्वियन गरिने छ।
- राजश्व/करका सम्भाव्य क्षेत्रहरु पहिचान गरी करको दायरा वृद्धि गर्न आन्तरीक राजश्व प्रबर्धन सम्बन्धी कार्य योजना तयार गरिनेछ।

☞ **पर्यटन सम्बन्धि नीति**

- नेपाल सरकारले पर्यटकीय गन्तव्यस्थलको रुपमा घोषणा गरेको वराहपोखरी ताल क्षेत्रमा पर्यटकीय पूर्वाधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सुनापाताल डाँडा, गोकुलथुम्का, घोप्टेथला, बंशिलाघाट, धाप्लाङघाट लगायतका पर्यटकीय स्थलहरुको पहिचान गराउन पहल गरिनेछ।
- धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय क्षेत्रको रुपमा सम्भाव्यता भएको सुनापाताल-धर्तुङ-सिन्ताङ-वराहपोखरीको लागि केबलकार सञ्चालन र हिल स्टेसनको सम्भाव्यताको अध्ययनको लागि संघीय तथा प्रदेश सरकारसँग अनुरोध गरिनेछ।

☞ **सहकारी/ बैंक तथा वित्तीय क्षेत्र सम्बन्धी नीति**

- गाउँपालिकास्तरीय सामाजिक तथा सहकारी संस्थाहरु स्थापना तथा दर्ताको लागी आवश्यक व्यवस्था मिलाईनेछ।
- गाउँपालिका क्षेत्रमा एकमात्र सनराइज बैंक भएकोले अन्य बैंक तथा वित्तीय संस्थाहरुको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ।

**सामाजिक विकास सम्बन्धि नीति**

☞ **शिक्षा सम्बन्धी नीति**

- वराहपोखरी गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिकास्तरमा बालक्लब र बाल सञ्जाल गठन गरि बाल सहभागिता अभिवृद्धि गरि बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्यक्रम अगाडि बढाईनेछ।
- विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकाहरुलाई "विद्यालय भर्ना गराउ र विद्यार्थी टिकाउ" अभियान सञ्चालन गरि गाउँपालिकाबाट पूर्ण रुपमा निरक्षरता उन्मूलन गरिनेछ । विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकाको सेवा सुविधाबाट वञ्चित गरिने कडा नीति लिएको छु।
- दिवा खाजा कार्यक्रम लागू भएका विद्यालयहरुले अनिवार्य रुपमा बालबालिकाहरुलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ। खाजा नखुवाउने विद्यालयहरुको दिवा खाजा अनुदान निकासा रोक्का गरिनेछ।

- शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्दै शिक्षण सिकाई प्रकृयामा ICT को प्रयोगमा जोड दिईनेछ।
- यस गाउँपालिकाको गत आ.व. मा माध्यमिक र आधारभुत तहमा राखिएका कम्प्युटर अनुदान शिक्षकहरुलाई निरन्तरता दिईनेछ।
- गाउँ शिक्षा समितिलाई शिक्षाको गुणस्तर कायम गर्न परिचालन गरिनेछ।
- आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा सम्बन्धी व्यवस्थापन गाउँपालिकाबाट गरिनेछ।
- दरबन्दी नभएका आधारभुत तह र माध्यामिक तहका विद्यालयहरुमा शिक्षण सिकाई अनुदान अन्तर्गत अंग्रेजी, गणित, विज्ञान विषयका शिक्षक अनुदान कार्यक्रममा निरन्तरता दिईनेछ।
- विद्यालयमा कार्यारत लेखा कर्मचारी, बालविकास सहयोगी शिक्षिका, विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न आवश्यक प्रोत्साहन गरिनेछ।
- विद्यार्थीहरुको अन्तरनिहित क्षमता वृद्धि गर्न अन्तर-विद्यालय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- अन्तराष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय बाल दिवस विविध कार्यक्रम गरि मनाईनेछ।
- सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच स्थापित गरी विद्यालय बाहिर रहने बालबालिकाको संख्यामा न्यूनीकरण गरिनेछ।
- गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बाल विकास केन्द्रको व्यवस्थापन गर्दै आधारभूत तहको व्यवस्थापनमा विशेष जोड दिईनेछ।
- विद्यालयको भौतिक पूर्वाधारमा क्रमश: सुधार गरिँदै लगिनेछ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन विद्युतीय हाजिरी जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिन पहल गरिनेछ।
- प्रत्येक विद्यालयमा शिक्षा सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई अनिवार्य गरिनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गरी राम्रो नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन र मूल्याङ्कन योग्य नतिजा हासिल गर्न नसक्ने विद्यालयलाई कारबाही गर्ने नीति अवलम्बन गरिनेछ।
- विद्यालयमा अपाङ्गमैत्री वातावरणको व्यवस्थापन गरी विद्यार्थीको पठनपाठनमा विशेष व्यवस्था मिलाईनेछ।
- कृषि प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ।
- गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-५), २०७९ लाई परीक्षणको रुपमा लागू गरिनेछ।

☞ **खानेपानी तथा सरसफाई सम्बन्धि नीति**

- गाउँपालिका भित्रका नागरिकलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नका लागि पानीका मुहान संरक्षण तथा सुद्धिकरण गर्दै लगिनेछ।
- सबै नागरिकलाई खानेपानी पहुँच विस्तार गर्न आवश्यक योजनाहरु संचालन गरिनेछ।
- गाउँपालिकाको सबै वडामा खानेपानीलाई व्यवस्थित गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी आ.व. २०८०/८१ मा संघिय सरकार र प्रदेश सरकारको समेत लागत साझेदारीमा आयोजना संचालन हुने व्यवस्था गरिने छ।
- पालिकाभित्रका सबै सार्वजनिक निकायहरुमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने नीति लिईनेछ। सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिनेछ।

☞ **स्वास्थ्य सम्बन्धित नीति**

- महिला स्वास्थ्य स्वयम् सेविका सेवालाई थप प्रभावकारी बनाउन सञ्चालन, व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।
- नवजात शिशु, बालबालिका, गर्भवति तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जन-स्वास्थ्य सेवाहरु र उपचरात्मक सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जन-स्वास्थ्यसँग सम्बन्धीत आधारभूत सेवा-सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरिनेछ ।
- गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा गर्भवती महिला डेलिभरी हुन नसकी बाहिर रेफर गर्नुपर्ने अवस्था सिर्जना भएमा गर्भवती महिलाहरुलाई एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।
- "स्वास्थ्य नै धन हो" भन्ने मूल नारालाई आधारमानी सबै नागरिकलाई गुणस्तरीय तथा विश्वसनीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गर्दै आगामी दिनमा गाउँपालिकास्तरीय सुविधा सम्पन्न अस्पताल निर्माण गरी संचालन गर्न पहल गरिनेछ ।
- सबै स्वास्थ्य चौकीहरुमा ल्याव सञ्चालन सम्बन्धि आवश्यक औजार तथा सामाग्री उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य चौकी फाक्टाङमा ईन्जेक्सन औक्सिटेसन भण्डारणका लागि ILR रेफ्रिजेरेटरको व्यवस्थापन गरिनेछ ।

☞ **संस्कृति सम्बन्धि नीति**

- स्थानीय भाषा, रहन-सहन, भेष-भुषा, पर्व, रीति-रिवाज झल्कने मौलिक संस्कृतिका कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- विभिन्न भेष-भुषा, बाजा-गाजा तथा धार्मिक पुस्तकहरुको धार्मिक संग्राहालय निर्माण गर्न पहल गरिनेछ ।

☞ **लैंगिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा सम्बन्धि नीति**

- गाउँपालिबाट प्रदान गरिने सेवाहरुमा अशहाय, अपाङ्ग भएको व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवति सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।
- लक्षित वर्गका लागि सशक्तिकरण गर्ने र उनीहरुलाई समाजको मूलधारमा ल्याउने प्रकृतिका कार्यक्रमहरु संचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- मानव अधिकारको उच्च सम्मान गर्दै सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने नीति लिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाबाटै भुक्तानी गरिने नीति लिईनेछ ।
- ज्येष्ठ नागरिकलाई सम्मान गरिनेछ ।
- वाल विवाह, बहुविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्न विशेष कदम चालिनेछ ।

- स्वास्थ्य संस्थाहरुमा श्रोत साधनले भ्याएसम्म औषधिको व्यवस्था गरिनेछ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माण विशेष जोड दिईने छ ।
- अपाङ्ग तथा भएका व्यक्तीहरुलाई आवत जवत तथा जीवन यापनमा सहज बनाउन आवश्यक सामाग्री उपलब्ध गराईने छ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन सम्बन्धि नीति**

☞ **संस्थागत विकास सम्बन्धी नीति**

- कार्यालय व्यवस्थापनमा प्रभावकारिता ल्याईनेछ ।
- आन्तरिक श्रोत वृद्धि गर्न थप करका क्षेत्रहरु पहिचान गरिनेछ ।
- कर्मचारी व्यवस्थापन अझै प्रभावकारी बनाईनेछ ।
- कर्मचारीको क्षमता विकासको लागि प्रदेश प्रशिक्षण केन्द्र तथा स्थानिय बिकास प्रशिक्षण केन्द्रबाट संचालन हुने तालिममा सहभागिताको लागि सिफारिस गरिनेछ ।
- कार्य सम्पादन मूल्यांकनको आधारमा कर्मचारीलाई पुरस्कार तथा सुधार (Reward & Improvement) को व्यवस्था मिलाईनेछ ।

☞ **सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीति**

- वडा कार्यालयबाट प्रभाव हुने सेवामा सर्वसाधारण जनताहरुको पहँच वृद्धि गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउने र वडा कार्यालयको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।
- सुशासन, पारदर्शिता, जवाफदेहिता अभिवृद्धि गराउन गाउँपालिकाले लिएको नीति र सञ्चालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण गरिनेछ ।
- यस गाउँपालिकामा भ्रष्टचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ ।
- सेवा प्रवाहलाई विद्युतीय शासन एवम् प्रविधिमैत्री बनाउन पहल गरिनेछ ।
- सेवा प्रवाहको मापदण्ड निर्धारण गरिनेछ ।
- गाउँपालिकाको संस्थागत विकास तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकता अनुसार नियम विनियम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै Paperless Office को रुपमा विकास गरिदै लगिनेछ ।
- गाउँपालिकाबाट जनप्रतिनीधि तथा कर्मचारीहरुलाई गरिने पत्रचारलाई निरुत्साहित गरी ईलेक्ट्रोनिक प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकाको आधिकारीक वेवसाईट तथा फेसबुक पेजलाई नियमित अध्यावधिक गरी नागरिकलाई प्रवाह गर्ने सेवा सूचना प्रविधिमा आधारित बनाउन अभिप्रेरित गरिनेछ ।
- अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटमा तदारुकता ल्याईनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- केन्द्र र प्रदेशस्तरीय निकायसँगको समन्वय र पहलमा गाउँपालिकाबासीले जीउ धनको सुरक्षाको प्रत्याभूति महसुस गर्न सकिने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाईनेछ ।

- शान्ती सुरक्षा कायम गर्नका लागि वडा नं २ स्थित धाप्लाङघाट र वडा नं ५ स्थित वंशिलाघाटमा अस्थायी प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ ।
- कोभिड १९ को रोकथाम र नियन्त्रणको कार्यमा अग्रपङ्तिमा रहेर कार्य गर्ने प्रशासनीक कर्मचारी र स्वास्थ्यकर्मीहरुलाई श्रोत साधनले भ्याएसम्म जोखिम भत्ताको व्यवस्था गरिनेछ ।
- नेपाल इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरुलाई फिल्डमा खटिए वापत तोकिए बमोजिम प्राविधिक भत्ताको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले हाल सम्म बनाएका कानुनहरुको समिक्षा गरि गाउपालिकालाई आवश्य पर्ने कानुन तर्जुमाको व्यवस्था मिलाईने छ ।

☞ **युवा तथा खेलकूद सम्बन्धि नीति**

- स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने संवैधानिक नीति रहेकोले यसलाई कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गाउँपालिकामा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरुलाई अन्य गाउँपालिका र जिल्लाहरुमा सञ्चालन हुने खेलकुद प्रतियोगितामा सहभागी गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- पालिकास्तरीय महिला तथा पुरुष स्तरीय फुटवल तथा भलिवल प्रतियोगिता संचालन गरिनेछ ।
- युवाहरुलाई सितोरियो कराँते सम्बन्धित तालिमको व्यवस्था गरिनेछ ।
- खेलकूद क्षेत्रको विकासको लागि पालिका स्तरीय खेलमैदान र वडास्तरीय खेलमैदान निर्माण गरिदै लगिनेछ ।
- बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगारी सृजना गर्दै लगिनेछ ।
- गाउँपालिकास्तरीय खेलमैदानको निर्माण गरिनेछ ।
- युवाहरुलाई आत्मनिर्भर बनाउनका लागि सीप विकास सम्बन्धी उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ ।
- खेलाडिहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउन पहल गरिनेछ ।

☞ **गरिवि निवारण सम्बन्धी नीति**

- लघुउद्यम विकास कार्यक्रम अन्तरगत निम्नानुसार कार्यक्रमहरु सञ्चालन गरिनेछ
- प्रतिस्पर्धात्मक छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत अघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने
- प्रतिस्पर्धी छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थापक मार्फत उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम)
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण
- गाउँपालिकाको पहिचान दिने रोजगारी र स्वरोजगारी शृजना गर्ने स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिवी न्यूनिकरण कम गर्दै जाने नीति लिईनेछ ।
- यस कार्यक्रम अन्तर्गत विपन्न श्रमिकको छनौट गरी तोकिएको आयोजनामा तोकिएको दैनिक ज्यालामा १०० दिनको रोजगारी प्रदान गरिनेछ ।

☞ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति**

- एकल तथा दलित महिलाहरुका लागि हित प्रवर्धन गर्ने सिप विकास र आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिईनेछ ।
- महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ ।
- सामाजिक कुरितिको रुपमा रहेको बालविवाह, बहुविवाह, बोक्सी प्रथा, रुढीबादी अन्धविश्वास एवम् भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतिकरण गरिनेछ ।
- महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरीक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ ।
- प्रत्येक वडामा महिला सहकारी संस्था दर्ता गराई महिला सम्बन्धी कार्यक्रम सञ्चालन गर्नेलाई आवश्यक अनुदान सहयोग गरिनेछ ।
- बालक्लब गठन गर्न आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा निर्माण पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री बनाईने नीति लिईनेछ ।
- बैंक मार्फत वितरण भईरहेको सामाजिक सुरक्षा भत्ता सरल र सुविधाजनक रुपमा उपलब्ध गराईनेछ ।
- ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सकृय बनाउन ज्येष्ठ नागरिक एक वडा एक मिलन केन्द्र संचालन गरिनेछ ।

१०. विगत आ व मा जस्तै आगामी आ व २०७९।०८० मा पनि अध्यज्यू र उपाध्यक्षज्यू कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. **अन्त्यमा,**

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति तथा कार्यक्रमबाट वराहपोखरी गाउँपालिकाबासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन आउने, भौतिक विकासले फड्को मार्ने र राजश्व संकलनमा वृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार भई जनतामा सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

यो नीति तथा कार्यक्रमको निर्माण गर्न महत्वपूर्ण सहयोग गर्नु हुने उपाध्य ज्य, प्रमुख प्रशासकीय अधिकृत लगायत योजना तर्जुमाका सदस्य ज्यूहरु, राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै "समृद्ध वराहपोखरी: सुखी वराहपोखरीबासी" र "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य, समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने अभियानमा जुट्न सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

**असार १०, २०७९**

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**